Bath&Body Works

**BATH & BODY WORKS**
**गैर-प्रतिकार नीति**

**परिचय**
Bath & Body Works ("कम्पनी") अनुपयुक्त आचारलाई सूचित गर्ने कम्पनीलाई काम र सेवा प्रदान गरिरहेका सबै एसोसिएट र अरूहरूलाई प्रतिकारबाट सुरक्षा गर्नका लागि प्रतिबद्ध रहेको छ। सबै किसिमका प्रतिकार प्रतिबन्धित रहेका छन्, जसमा त्यस्ता सबै अनुशासनात्मक, प्रतिशोधात्मक, त्रासपूर्ण, प्रतिकूल रोजगारी कार्य वा क्यारियर हानि समावेश छन् जसले कुनै व्यक्तिलाई दुराचार सूचित गर्नबाट निरुत्साहित गर्ने पर्याप्त सम्भावना रहन्छ वा अन्य कानुनद्वारा संरक्षण गरिएका गतिविधिमा सहभागी भएको कारणले गरिने प्रतिकारहरू।

**संरक्षित गतिविधिहरूका उदाहरण**

निम्नमा संरक्षित गतिविधिहरूका उदाहरणहरूको एक गैर-पूर्ण सूची रहेको छ।

- कम्पनीको यौन उत्पीडन/गैर-विभेद नीतिको उल्लङ्घन भएको जनाएको आन्तरिक मामिला (लिखित वा मौखिक) उठाउने।

- अमेरिकी समान रोजगारी अवसर आयोग ("EEOC"), कुनै राज्य गैर-विभेद एजेन्सी वा अदालतमा एउटा विभेद वा उत्पीडनको एक उजुरी दर्ता गर्ने।

- विभेद वा उत्पीडनको आरोपहरूमा Bath & Bath & Body Works को अनुसन्धानमा सहभागी हुने, जसमा सूचना बारेमा वा सूचनाको अनुसन्धान गर्ने बारेमा जानकारी प्रदान गर्ने कार्य समावेश रहेका छन्।

- कुनै अरू एसोसिएटको विभेद वा उत्पीडन सम्बन्धित आन्तरिक वा प्रशासनिक उजुरीलाई सहायता गर्ने (जस्तै, उदाहरणका लागि, EEOC वा अन्य कुनै राज्य गैर-विभेद एजेन्सीमा विभेद उजुरी दायर गरेका कुनै सहकर्मीको समर्थनमा गवाही दिने वा शपथ पत्र प्रदान गर्ने)।

कुनै पनि संरक्षित गतिविधिको विरुद्धमा गरिने कुनै पनि प्रतिकारलाई कम्पनीले सहन गर्दैन। कम्पनीको उत्पीडन, विभेद र प्रतिकार सूचित गर्ने मार्गदर्शनको अन्तर्गत कुनै मामला उठाउने प्रयोजन व्यक्त गर्ने कुनै पनि व्यक्तिविरुद्ध प्रतिकार गर्न पनि एसोसिएटहरू प्रतिबन्धित रहेका छन्।

**प्रतिकार सूचित गर्ने**
कुनै पनि व्यवस्थापक वा पर्यवेक्षक, त्यस भूमिकामा अल्पकालिन रूपमा मात्र सेवारत हुँदा समेत, उहाँहरू प्रतिकारमा परेको भन्ने लागेमा त्यस्तो आचारणका बारेमा अनिवार्य रूपमा आफूले सूचित गर्नुपर्छ। यदि तपाईं एक एसोसिएट, बिक्रेता, ठेकेदार वा अन्य व्यापारिक साझेदार हुनुहुन्छ र तपाईंलाई लागेको छ कि तपाईं प्रतिकारमा पर्नुभएको छ वा तपाईंले प्रतिकार देख्नुभएको छ भने, कृपया एउटा उजुरी बनाउनुहोस्। कम्पनीको अनुसन्धान तथा उपचारात्मक प्रक्रियाहरूका बारेमा जानकारी समावेश गरिएका कम्पनीको उत्पीडन, विभेद तथा प्रतिकार मार्गदर्शनमा पहुँच गर्नका लागि यहाँ क्लिक गर्नुहोस् वा विश्वव्यापी नैतिकता र अनुपालनलाई ethicsandcompliance@bbw.com बाट सम्पर्क गर्नहोस्।

व्यक्तिहरूलाई पनि प्रतिकार सम्बन्धित कुनै पनि घटनाहरूको दस्तावेजिकरण गर्न सुझाव दिइन्छ।

**यस नीतिको उल्लङ्घन**

कम्पनीले यस नीतिको उल्लङ्घन हुने गरी प्रतिकारमा संलग्न भएको भन्ने निर्धारण गरेका कुनै पनि एसोसिएट, स्थान वा पदको वास्ता नगरिकन, अनुशासनात्मक कारबाहीमा पर्ने छन्, जसमा सम्भावित निष्कासनमा पर्ने र/वा प्रतिपूर्ति बन्द गरिने वा निवेशित विकल्पहरू रद्द गरिने कार्यहरू समेत समावेश छन्।

**यस नीतिको प्रशासन**

विश्वव्यापी नैतिकता र अनुपालन यस नीतिको प्रशासका लागि जिम्मेवार रहेको छ। यदि तपाईसँग यस नीतिका बारेमा कुनै प्रश्नहरू छन् भने वा यस नीतिमा सम्बोधन नगरिएका प्रतिकार सम्बन्धित प्रश्नहरू छन् भने, कृपया विश्वव्यापी नैतिकता र अनुपालनलाई ethicsandcompliance@bbw.com मा सम्पर्क गर्नुहोस्।